महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

खाँडादेवी गाउँपालिका

रामेछाप

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

खाँडादेवी गाउँपालिका

रामेछाप



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र

प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र २९ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

बागमति लेखापरीक्षण निर्देशनालय, बबरमहल

पत्र संख्याः २०७९।८०
च.नं.४५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू ,
खाँडादेवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रामेछाप ।

कैफियत सहितको राय

हामीले यस पालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ९ करोड २९ लाख १२ हजार बेरुजू देखिएको छ। सो मध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ करोड ९ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड १५ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु ६२ लाख २४ हजार र पेश्की रू.४१ लाख ८१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.३३ करोड ७३ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४३ करोड २ लाख ४५ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

खाँडादेवी गाउँपालिका, रामेछाप

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
२५	६७	९२९१२	०	०	०	२५	६७	९२९१२	२०९६३	६२२४	६१५४३	०	०	६७७६७	४१८१

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	प्रतिकृयाबाट कुनै पनि दफा फर्छ्यौट नभएको ।		

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
खाँडादेवी गाउँपालकि,रामेछाप	३३७३३३	०	०	३३७३३३	०	९२९१२	४३०२४५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : खाँडादेवी गाउँपालिका, रामेछाप , खाँडादेवी गाउँपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विकास सुन्दास	२०७७-४-१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	नारायण लामिछाने	२०७८-११-२८	
लेखा प्रमुख	अनन्त सापकोटा	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	९२,९१२,५३८.०२

गत बर्षको जिम्मेवारी		३,२७,७२,०२५.७३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४४,२५,२९,९६०	**चालु खर्च**	३४,१६,९४,९११.१४
प्रदेश सरकारबाट अनुदान	७,१०,१९,०००	**पूँजीगत खर्च**	२३,१४,४८,३३०.५६
राजश्व बाँडफाँट	१०,५९,९४,६०४.४	**वित्तीय/अन्य व्यवस्था**	१३,५१,५४,२९४
आन्तरिक आय	९५,२४,५६३.८७		
अन्य आय	१४,११,३६,८०१.२४		
कुल आय	७७,०२,०४,९२९.५१	**कुल खर्च**	७०,८२,९७,५३५.७
बाँकी मौज्दात		९,४६,७९,४१८.६४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाईगुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, १५०.७ वर्ग किलो मिटर क्षेत्रफल तथा २५ हजार ७५१ जनसंख्या रहेको छ ।	
२			संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष२०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६८,०१,८३,८९५.२४	६३,८२,४६,०३७.७६		६३,८२,४६,०३७.७६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६७,९१,८३,८९५.२४	६२,९०,६८,१२८.३७	०	६२,९०,६८,१२८.३७
११००० कर	११	११,२६,४८,०२४.३७	१०,५९,९४,६०४.५०	०	१०,५९,९४,६०४.५०
१३००० अनुदान		५१,५२,२७,४९०	५१,४४,२७,४५०	०	५१,४४,२७,४५०
संघीय सरकार	१२	४४,३३,३०,०००	४४,२५,२९,९६०	०	४४,२५,२९,९६०
प्रदेश सरकार	१२	७,१०,१९,०००	७,१०,१९,०००	०	७,१०,१९,०००
अन्तरिक श्रोत		८,७८,४९०	८,७८,४९०	०	८,७८,४९०
जनसहभागिता		०	०	०	०
१४००० अन्य राजस्व		५,१३,०८,३८०.८७	८६,४६,०७३.८७	०	८६,४६,०७३.८७
ख. अन्य प्राप्ति		१०,००,०००	९१,७७,९०९.३९		९१,७७,९०९.३९
वितरण गर्न बाकी राजस्व		०	४४,८५,८४०.७१	०	४४,८५,८४०.७१
कोषहरु		१०,००,०००	९,९२,७३०	०	९,९२,७३०

धरौटी		०	३६,९९,३३८.६८	०	३६,९९,३३८.६८
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		७०,२४,३३,६१९.९७	५७,६३,३८,६४४.७८		५७,६३,३८,६४४.७८
ग. भुक्तानी (सञ्चित कोषबाट)		७०,१४,३३,६१९.९७	५७,३१,४३,२४१.७०		५७,३१,४३,२४१.७०
२१००० पारिश्रमिक / सुविधा	१८	१५,०९,७७,७६९.२५	१४,१४,७३,४८७.५४	०	१४,१४,७३,४८७.५४
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१९,७८,९५,६०६	१७,६९,६९,६१३.१७	०	१७,६९,६९,६१३.१७
२५००० सहायता (Subsidy)	१८	२,२२,८८,०००	२,०८,७३,९२६.४३	०	२,०८,७३,९२६.४३
२६००० अनुदान	१८	०	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	८६,०८,०००	१८,६६,१३४	०	१८,६६,१३४
२८००० अन्य खर्च	१८	६,००,०००	५,११,७५०	०	५,११,७५०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३२,१०,६४,२४४.७२	२३,१४,४८,३३०.५६	०	२३,१४,४८,३३०.५६
घ. अन्य भूक्तानी		१०,००,०००	३१,९५,४०३.०८		३१,९५,४०३.०८
कोषहरु		१०,००,०००	३,९१,९१७.०८	०	३,९१,९१७.०८
धरौटी		०	२८,१९,१९१	०	२८,१९,१९१
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-१५,७०५		-१५,७०५
ङ. यो वर्षको बचत (न्युन)		(२,२२,४९,७२४.७३)	६,१९,०७,३९२.९८		६,१९,०७,३९२.९८
च. गतवर्षको जिम्मेवारी			३,२७,७२,०२५.७३		३,२७,७२,०२५.७३

रकम (अ.ल्या)					
वर्षान्तको बाकी रकम (ङ + च)		(२,२२,४९,७२४.७३)	९,४६,७९,४१८.७१		९,४६,७९,४१८.७१

३

अन्तरवित्तीय सरकारी हस्तान्तरित अनुदानः उल्लेखित वित्तीय विवरणमा निम्नानुसार अन्तरसरकारी कारोवार समावेस नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन ।

सि.न.	कार्यक्रम	निकासा/ खर्च
१	प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनर्थापना साझेदारी कार्यक्रम	५४१०४११।२५
२	पर्यटन पूर्वाधार विकास आयोजना	३००००००
३	भौतिक पूर्वाधार विकास मन्त्रालय	२२९८३२२
४	गरिव संग विश्वेश्वर कार्यक्रम	६७३०००
५	सामाजिक सुरक्षा	१२०५७७०८६।६०
	जम्मा	**१३१९५८८९१।८५**

४

कर समायोजन- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले धरौटी बापतको रकम फिर्ता दिदा आन्तरिक राजश्व कार्यालयबाट उक्त निर्माण व्यवसायीले सम्वन्धित कार्यालयबाट भुक्तानी लिएको कर समायोजन पत्रको आधारमा रकम भुक्तानी हुनुपर्नेमा करचुक्ता प्रमाणपत्रको आधारमा कार्यालय रकम भुक्तानी दिने गरेको कारण सम्वन्धित निर्माण व्यवसायीले सार्वजनिक निकायबाट भुक्तानी लिएको भ्याट रकमको समायोजन भए । नभएको एकिन गर्न नसकिने हुनाले आगामी दिनमा कर समायोजन पत्रको आधारमा धरौटी बापतको रकम फिर्ता गर्नुपर्दछ । २,४१९,१९१

गो.भौ.न./मिति	भुक्तानी लिनेको नाम	कारण	कैफियत
५।१०।२	रेडअक्स इन्टरनेशनल	KRM/sq/works/o/076.77	११६२००
५।१०।२	साइपल इन्टरनेशनल	Installation of optical fiber	१३१४००
७।१०।१८	नागेश एण्ड योगेश ईन्जिनियरिङ्ग प्रालि	वृहत खानेपानी आयोजना सञ्चालन	४१४३१४
७।१०।१७	सुलिगुम कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	KRM/NCB/works/09/076.77	४३११६८
८।११।०८	आगेय आर वि सिदार्थ जेशि	डव्वा एकिकृत नमूना माझी वस्ती निर्माण	५७६७१५
९।१२।१६	हिमज्योती दिप तामाकोसी जेशी	KRM/ncb/road works/07/076.077	४८७७१९
१०।०३।१३	मनास्लु निर्माण सेवा	RRM/ncb/works/08/076.77	२६१६७५

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४१९१९१</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>४.१</td><td>रेडअक्स इन्टरनेशनल,साइपल इन्टरनेसनल लगायत</td><td>२४,१९,१९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>भ्रमण खर्च स्वीकृत-</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन समेत) ऐन, २०७६ को (५)५ उपदाफा १ बमोजिम भ्रमण गर्दा सभाको अन्य सदस्यको हकमा अध्यक्ष/प्रमुखबाट स्वीकृत गराउनु पर्दछ भन्ने व्यवस्था गरेको छ । गो.भौ.न./ मिति ११८।०८।२१ मा वडा नं.६ का वडाअध्यक्ष सहित अन्य सदस्यले सदस्यले ६६१००।- , गो.भौ.न./ मिति ४३४।०२।२५ मा वडा नं.३ मा वडाअध्यक्ष सहित अन्य सदस्यले सदस्यले रु. ४५०००।- गो.भौ.न./ मिति ४३६।०२।२५ मा वडा नं. २ मा वडाअध्यक्ष सहित अन्य सदस्यले सदस्यले रु.६८०००।- गो.भौ.न./ मिति ४५७।०३।५ मा वडा नं. १ मा वडाअध्यक्ष सहित अन्य सदस्यले रु. ५१०००।- , वडा नं. ९ मा वडा अध्यक्ष सहित अन्य सदस्यले सदस्यले रु. ७७४००।-गो.भौ.न./ मिति ११९।०८।२१ मा वडा नं. ८ मा वडा अध्यक्ष सहित अन्य सदस्यले रु. ९१२००।- गरी जम्मा रु. ३९८७००।— वडा अध्यक्षहरुले भ्रमण स्वीकृत गरी भ्रमण खर्च गरेको नियम संगत नदेखिएको रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>५.१.१</td><td>पदाधिकारीहरु</td><td>३,९८,७००</td></tr>
</table>
</td><td>३९८,७००</td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन समेत) ऐन, २०७६ को (५)३ मा उपदफा १ बमोजिम भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्ष/ प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्नेछ भनि व्यवस्था गरेकोमा गो.भौ.न./मिति २२०।१०।३ मा गा.पा. अध्यक्ष श्री प्रेम बहादुर तामाङले विभिन्न स्थानमा मिति २०८९।८।१७ देखि ।८२३, २०७८।७।३ देखि ७।९, ०७८।९।१ देखि ९।७, र ०७८।८।३-८।९ सम्म भ्रमण गरेर रु. ४००००।— भुक्तानी गरेको देखिन्छ । कार्यापालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन नगराईकन भ्रमण गरेको निमय संगत नदेखिएको रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>५.२.१</td><td>प्रेम वहादुर तामाङ</td><td>४०,०००</td></tr>
</table>
</td><td>४०,०००</td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक लेखापरिक्षण : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

७			**वित्तीय विश्लेषण** : कार्यालयले पेश गरेको विवरण तथा कार्यालयको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीले तयार गरेको म ले प फारम नं २७२ र मलेप फारम नं २७५ को अध्ययन गर्दा निम्नानुसार को व्यहोरा देखियो । • स्थानीय संचित कोष को म ले प फारम नं २७२ अनुसार संचित कोषको प्राप्ती तर्फ रु ६२ करोड ९० लाख ६८ हजार , मध्ये राजस्वबाट बाँडफाड बापत रु १० करोड ५९ लाख ९४ हजार , अनुदान बापत रु ५१ करोड ४४ लाख २७हजार (संघीय सरकारबाट अनुदान बापत रु ४४ करोड २५ लाख २९ हजार प्रदेश सरकारतर्फ ७ करोड १० लाख १९ हजार) र अन्य राजस्वमा बाट ९५ लाख२४ हजार प्राप्त भएकोमा अन्य प्राप्ती शिर्षकबाट रु ९१ लाख ७७ हजार गरी कुल प्राप्ती रु ६३ करोड ८२ लाख ४६ हजार देखाएकोमा स्थानीय संचित कोषको आम्दानी प्रतिवेदन अनुसार संचित कोषको प्राप्ती तर्फ रु ६२ करोड ६० लाख ५६ हजार प्राप्ती भएको मध्ये राजस्व बाँडफाडबाट रु १० करोड ४६ लाख ४९ हजार , आन्तरिक राजश्व बाट रु ६९ लाख ७९ हजार बाट प्राप्त भएकोमा अन्य प्राप्ती ८१ लाख ८५ हजार गरी कुल प्राप्ती रु ६३ करोड ४२ लाख ४१ हजार देखाई रु ४० लाख ५ हजार बढी आम्दानी देखाएको छ । • सुत्र द्धारा तयार भएको मलेप फारम नं २७२ मा अन्तर वित्तीय सरकारी अनुदान बापतको रु १३ करोड १९ लाख ५८ हजार समावेश नहने हुदा पालिकाले तयार गरेको वित्तिय विवरणले यथार्थ चित्रण गरेको छैन । • पालिकालाई यस बर्ष कुल आम्दानी ६३ करोड ४२ लाख ४१ हजार प्राप्त भएकोमा कुल भुक्तानी ५७ करोड ६३ लाख ३८ हजार खर्च भई बचत रु ५ करोड ७९ लाख २ हजार रहेकोमा गत बर्षको मौज्दात २ करोड २२ लाख ४९ हजार जोडि कुल अन्तिम मौज्दात रु ८ करोड १ लाख ५२ हजार देखिएकोमा संघ तथा प्रदेश फिर्ता पठाउन बाँकी रु ७ करोड ४ लाख ७ हजार फिर्ता पठाई वास्तविक रुपमा अन्तिम मौज्दात रु ९५ लाख ४५ हजार रहेको छ । • स्थानीय तहले बैंक समायोजन हिसाव खाता तयार गरेको छैन । • • लेखापरीक्षणको क्रममा पेश्की खाता अध्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय व्ययको विवरण यथार्थ मान्न सकिएन । • स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकिए बमोजिम वित्तीय विवरणहरु तथा खाताहरु अधावधिक गरी आय तथा व्ययको वास्तविक अवस्था देखिने गरी लेखाङ्कन गर्नुपर्दछ।	
८			**जिम्मेवारी फरक** : स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु.४ करोड ६६ लाख ८९ हजार मौज्दात कायम देखाएकोमा यस बर्षको सुरुमा संघ तथा प्रदेश फिर्ताबापत रु १८४३९४४५ म्यानुअल भौचरको माध्यमबाट फिर्ता पठाई वास्तविक रुपमा रु २ करोड ८२ लाख ४९ हजार मौज्दात कायम रहेकोमा यो बर्षको शुरुमा रु.३ करोड २७ लाख ७२ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४५ लाख २३ हजार बढी जिम्मेवारी सरेको देखिन्छ	

			। जिम्मेवारी फरकको हिसाव मिलान गर्नुपर्दछ ।	
९			**खाता शुन्य** : स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले आ व अन्त्यमा आफ्नो कोष तथा अन्य खाता बाहेक नियमित प्रकारका खर्च खातामा बाँकी रहेको रकम संचित कोषमा ट्रान्सफर गरी खाता शुन्य बनाउनुपर्नेमा यस वर्ष चालू खातामा रु २६ लाख ९३ हजार बाँकी रहेकोमा नियमानुसार आ व को अन्त्यमा खाता शुन्य बनाउनुपर्दछ ।	
१०			**खर्च विश्लेषण** : पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु. ६९ लाख ७९ हजार राजस्व बाँडफाँटबाट रु.१० करोड ४६ लाख ४९ हजार र अनुदानबाट रु ५१ करोड ४४ लाख २७ हजार र अन्य आयबाट रु ८१ लाख ८५ हजार समेत रु ६३ करोड४२ लाख ४१ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३४ करोड १६ लाख ९५ हजार र पूँजिगत तर्फ रु २३ करोड १४ लाख ४८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६९ लाख ७९ हजार (१.२१) प्रतिशत रहेको छ ।यसबर्ष पारिश्रमिक सुविधा वापत रु १४ करोड १४ लाख ७३ हजार खर्च भएको छ जुन आन्तरिक आयको करिव २१ गुणा धेरै हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५ प्रतिशत चालु र ३५प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।	
११			**करकट्टी रकम दाखिला** : वित्तीय प्रतिवेदन अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी सबै रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लेखापरीक्षणको अवधि सम्म समेत रु १५७०५ दाखिला गर्न बाँकी रहेको देखिन्छ । कार्यालयले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु	१५,७०५
१२			**आन्तरिक नियन्त्रण प्रणाली** : आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।	

			• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पाईयो । • निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस योजनामा पालना भएको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गरेको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो ।	

			• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१३			**अवण्डा बजेट**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तथा पूर्जिंगत गोठ ।भकारो सुधार कार्यक्रम का लागि रु २७ लाख , उपाध्यक्षसँग महिला शिर्षका रु ९ लाख. विपद व्यवस्थापनमा रु २५ लाख. विविध खर्च शिर्षकमा रु ४२ लाख. सभा संचालन शिर्षकमा रु ५ लाख. भैपरि आउने चालु खर्चमा रु ५ लाख. मठ मन्दिर तथा वडा भरीको सडक मर्मत शिर्षकमा रु ८२ लाख, खानेपानी आयोजनाबाट प्रभावितलाई योजना भनी रु ४० लाख र जनतासँग अध्यक्ष कार्यक्रममा रु १ करोड ३६ लाख ७० हजार बजेट विनियोजन गरी कुल रु ३ करोड ४८ लाख अवण्डाराखी विभिन्न शिर्षकमा खर्च गरिएको ट छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
१४			**रकमान्तर**ः स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आवस्यकताको पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने साथै दफा ७९ अनुसार चालू खर्चबाट पूजिगत शिर्षकमा बढीमा २५ प्रतिशत सम्म रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष आ व को अन्त्य तिर चालु तथा पूजिगत शिर्षकका ९३ वटा योजना तथा कार्यक्रममा विनियोजन गरेको रु २ करोड ९८ लाई ९३ वटा योजनाका लागि रु ३ करोड ११ लाख रकम रकमान्तर गरेको छ । एक पटक आवस्यकता महसुस गरी योजना तर्जुमा गरिसकेपछि आ व को अन्त्य तिर रकमान्तर गरी अन्य योजनामा बजेट विनियोजन गरी बर्षान्तमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।	
१५			**चौमासिक खर्च**ः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं.	खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	पूजिगत	२३१४४८	२८१४७	६१४९६	१४१८०४	८०६१२

१६			**बजेट पेश तथा पारित**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७८/३/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई २०७८/३/१९ मा स्वीकृत गरी प्रमुखले २०७८/४/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च	

<table>
<tr><td></td><td></td><td></td><td>गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। यस पालिकाले यस बर्ष रु. ७० करोड १४ लाख ३३ हजारको बजेट पारित गरेको छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>क्षेत्रगत बजेट: गाँउपालिकाको क्षेत्रगत रुपमा कुल बजेट ७० करोड १४ लाख ३३ हजार र खर्च ५७ करोड ३१ लाख ४३ हजार को आधारमा समग्र रुपमा ८१।७१ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>खर्च</th><th>खर्चप्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४३३२०३८९.४९</td><td>७।६</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>३२७०२८४९४.३५</td><td>५७.१</td></tr>
<tr><td>३</td><td>पूर्वाधारविकास</td><td>११२८३१७८८.४९</td><td>१९.६८</td></tr>
<tr><td>४</td><td>सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२०६८४२५२.६१</td><td>३.६१</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>६९२७८३१६.७६</td><td>१२.०८</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>५७३१४३२४१.७</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ५७.१ प्रतिशत, पूर्वाधार विकासमा १९.६८ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ३।६१ तथा कार्यालय संचलन र प्रशासनिकमा गरी १२.०८ प्रतिशत रहेको छ । आर्थिक विकास तर्फ ७.६ प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास रसुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>पेश्की: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. २ करोड ५ लाख ६० हजार र म्याद नाघेको पेश्की रु. ३१ लाख ८१ हजार समेत कुल रु. २ करोड ३७ लाख ४२ हजार फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने म्याद नाघेको पेश्की फर्छ्यौट नभएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिएको मिति</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th>म्याद ननाघेको</th><th>फर्छ्यौट गर्नुपर्ने मिति</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>०६/१३/२०७८</td><td>ङ्याग्यूर साम्तेलिङ्ग गुम्बा</td><td>रामेछाप पांच पोखरी निर्माण सेवा</td><td></td><td>०३/३१/२०७९</td><td>१८०००००</td></tr>
<tr><td>२</td><td>०९/२९/२०७८</td><td>आपचौर-मझुवा-कुरन्थली-निगालपानी-</td><td>बमकाली पुन्यनुरा</td><td></td><td>११/०५/२०७८</td><td>६७५०००</td></tr>
</table></td><td>३,१८१,५३४</td></tr>
</table>

		चापबोट सडक	जे.भी			
३	०९/२९/२०७८	ड्याग्यूर साम्तेलिङ्ग गुम्बा	रामेछाप पांच पोखरी निर्माण सेवा		११/०५/२०७८	३०६५३४.९१
४	०३/२६/२०७९	डग्युर सम्तेलिङ्ग गुम्वा खाँडादेवी गाउँपालिका रामेछाप	रामेछाप पांच पोखरी निर्माण सेवा	२६९३४६५.०९	०४/२९/२०७९	
५	११/०९/२०७८	शैक्षिक गुणस्तर सुधार कार्यक्रम	श्री माध्यमिक विध्यालय राकाथुम		१२/१४/२०७८	४०००००
६	१२/०२/२०७८	केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	श्री विष्णु जनज्योती माध्यमिक विध्यालय	५५०००००	०१/०७/२०७९	०
७	०३/२४/२०७९	केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	श्री विष्णु जनज्याेती माध्यमिक विद्यालय	८००००००	०४/२७/२०७९	
८	०३/२४/२०७९	केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत	श्री विष्णु जनज्याेती माध्यमिक	१००००००	०४/२७/२०७९	

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td>भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान</td><td>विद्यालय</td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>०३/२४/२०७९</td><td>learning by earnig कार्यक्रम सञ्चालनमा विद्यालयहरुका लागी सहयाेग कार्यक्रम</td><td>श्री माध्यमिक विध्यालय राकाथुम</td><td>१००००००</td><td>०४/२७/२०७९</td><td></td></tr>
<tr><td>१०</td><td>०८/१६/२०७८</td><td>जनतासँग अध्यक्ष कार्यक्रम</td><td>एरो नेट प्रा.लि</td><td>२३६७०००</td><td>०९/२२/२०७८</td><td>०</td></tr>
<tr><td colspan="4">कुल जम्मा</td><td>२०५६०४६५.०९</td><td></td><td>३१८१५३४.९१</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१९</td>
<td></td>
<td></td>
<td>अनुदान- गाँउपालिकाको स्थानीय राजपत्र परिच्छेद- २ को नियम ५(क) मा पालिकावाट उपलव्ध गराउने अनुदान सहयोग लागत साझेदारी ५० प्रतिशत अनुदान र ५० प्रतिशत कृषकको सहभागिता हुनुपर्ने व्यवस्था गरेको छ । कृषि, पशुपक्षि तथा व्यवसायिक युवा तथा विपन्न लक्षित आयआर्जन अनुदान कार्यक्रममा वडा समितिको निर्णयबाट सञ्चालन गरिएको कार्यक्रममा जम्मा रु.५०००००।— भुक्तानी गरेको देखिन्छ । वडाले साझेदारी विना सत प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गरेको देखिन्छ । केही उदाहरणहरु यस प्रकार रहेको छ। गो.भौ.न./ मिति ५५०,५४९,५४८,५४६,५५२।३।१७ मा रामजानकी बाखा तथा कुखुरा फर्मलाई रु. ४००००।-, कार्कि कृषि तथा पशुपक्षि फार्म लाई रु.३००००।-, धर्मशाला मंगलादेवी कृषि तथा पशुपक्षि फार्म रु. ३५०००।- , उधमशिल लघु उधमी महिला उधमी कृषक समुह रु.४००००।- , गणेश पोल्टि फर्म रु. ४००००।- खर्च गरेको छ । पालिकाले आफुले बनाएको कानूनलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२०</td>
<td></td>
<td></td>
<td>सामाजिक सुरक्षा तर्फ- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७(१८)३ मा भत्ता वितरण भई निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक नियकाले विल भरपाई तथा प्रमाण कागजातको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागी प्रथम त्रैमासिकमा ३१७२ लाभग्राहीको लागी रु. २९२६८९९६ , दोस्रो चौमासिकको लागी ३१७८ लाभग्राहीको लागी रु. २९६५४५७२ , तेस्रो त्रैमासिकको लागि ३२०४ लाभग्राहीको लागी रु.२६५८४९८२ र अन्तिम त्रैमासिकको लागि ३२५६ लाभग्राहीको लागि रु.३०५७१०७२ गरी बैंकको तिनवटा शाखा कार्यालयको माध्यमबाट रु.१२०५७७०८६।६०— भत्ता वितरणको लागी सम्वन्धित बैंकमा पठाएकोमा ४ त्रैमासिकमा ३ वटै शाखावाट जम्मा रु.११९४१०७९३।- वितरण गरेको देखिन्छ । वैङ्कले उपलव्ध गराएको रिभर्स फिड अध्ययन गर्दा निकाशा भन्दा रिभर्स फिडमा रु.११६६२९३।- कम रकम वितरण गरेको देखिन्छ ।बाँकी रकम मध्ये रु.</td>
<td>२९८,०३९.३</td>
</tr>
</table>

			८६८२५३।०७ वैङ्क मार्फत को.ले.नि.का. को कोषमा फिर्ता गरेको देखिन्छ । बाँकी रकम रु.२९८०३९।३ यकिन गरी बैङ्कले को.ले.नि.का. को कोषमा फिर्ता गर्नु पर्ने रु.	
२१			**प्रमाण पेश-**	
२१.१			सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि २०७७, मा सामाजिक सुरक्षा भत्ता दोहोरो प्राप्त गर्न नपाउने व्यवस्था रहको छ । पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिकको रिभर्स फिड, नमूना छनौटका आधारमा अध्यायन गर्दा सामाजिक सुरक्षा भत्ता देहायका लाभग्राहीको दुई जना लाभग्राहीको वैङ्क खाता एउटै भएको देखिन्छ । पालिकाले यस सम्वन्धमा रु.२१७५५६।- बरावरको एकिन गरि प्रमाण पेश गर्नु पर्ने रु.	२१७,५५६

S.A.T.N.	Inst.	S.P.N.	W.N.	Member Name	C.N.	B.A.N.	D.A.
SCAO	1	LBLR	1	Badri Maya Shrestha	496	13178002354	12000
SCAO	1	LBLR	1	Bagdal Tamang	14563	13178002354	12000
SCAO	1	LBLK	3	Indra Bahadur Tamang	6022	8578000907	12000
SCAO	1	LBLK	3	Krishnakumari Karki	2792	8578002572	12000
SCAO	1	LBLK	3	Udaya Bahadur Karki	2830	8578002572	12000
SCAO	1	SCSWA	4	Jhamak Bahadur Khatri	1140	7178003051	12000
SCAO	1	LBLM	4	Jit Bahadur Paudel	3079	7178003051	12000
SCAO	1	LBLK	6	Indra Kumari Khatri	3664	8520022632	12000
SCSWA	1	LBLK	6	Indrakumari Khatri	3500	8520022632	7980
FD	1	LBLK	6	Indra Bahadur Tamang	2E+10	8578000907	3990
SCAO	1	LBLK	8	Sundari Lamini	42850	8578011354	12000
SCAO	1	LBLK	8	jiri Waiba Tamangni	628	8578011354	12000
SCAO	2	LBLR	1	Karna Bahadur Shrestha	14563	13178002354	12000
SCAO	2	LBLR	1	Karna Bahadur Shrestha	496	13178002354	12000
SCAO	2	LBLR	1	Khadga Bahadur Shrestha	341	3178000331	12000
SCAO	2	LBLR	1	Krishna Bahadur Shrestha	2243	13178003177	12000
SCAO	2	LBLR	1	Krishna Bahadur Shrestha	11618	13178003177	12000
SDG	2	LBLR	1	Khadga Bahadur Shrestha	18	3178000331	6384
SCAO	2	LBLK	3	Indra Bahadur Tamang	6022	8578000907	12000
SCAO	2	LBLK	3	Krishnakumari Karki	2792	8578002572	4000
SCAO	2	LBLK	3	Udaya Bahadur Karki	2830	8578002572	12000
SCAO	2	LBLM	4	Jhamak Bahadur Khatri	1140	7178003051	12000
SCAO	2	LBLM	4	Jit Bahadur Paudel	3079	7178003051	12000
FD	2	LBLK	6	Indra Bahadur Tamang	2E+10	8578000907	3990
SCAO	3	LBLR	1	Karna Bahadur Shrestha	14563	13178004422	12000
SCAO	3	LBLR	1	Khadga Bahadur Shrestha	341	3178000331	12000
SCAO	3	LBLR	1	Krishna Bahadur Shrestha	11618	13178003177	12000
SCAO	3	LBLR	1	Krishna Bahadur Shrestha	2243	13178003177	12000

SDG	3	LBLR	1	Khadga Bahadur Shrestha	18	3178000331	6384
SCAO	3	LBLM	4	Jhamak Bahadur Khatri	1140	7178003051	12000
SCAO	3	LBLM	4	Jit Bahadur Paudel	3079	7178003051	12000
SCAO	4	LBLR	1	Karna Bahadur Shrestha	14563	13178004422	12000
SCAO	4	LBLR	1	Khadga Bahadur Shrestha	341	3178000331	12000
SCAO	4	LBLR	1	Krishna Bahadur Shrestha	11618	13178003177	12000
SCAO	4	LBLR	1	Krishna Bahadur Shrestha	2243	13178003177	12000
SDG	4	LBLR	1	Khadga Bahadur Shrestha	18	3178000331	6384
SCAO	4	LBLM	4	Jhamak Bahadur Khatri	1140	7178003051	12000
SCAO	4	LBLM	4	Jit Bahadur Paudel	3079	7178003051	12000
SCAO	4	LBLK	8	Maiya Tamang	3142	8578007212	12000
SCAO	4	LBLK	8	Maya Tamang	3E+09	8578007212	12000
				Total			435112

२१.२

सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत वितरण गर्दा नमूना छनौटका आधारमा अध्ययन गर्दा देहायका लाभग्राहीको नाम र नागरिकता नं. दोहोरिएको देखिन्छ । पालिकाले रु.७५९६०।— बरावरको रकम यकिन गरि प्रमाण पेश गर्नुपर्ने रकम रु.

७५,९६०

S.A.T.N.	Inst.	S.P.N.	W.N.	M.N.	C.N.	D.A.
SCAO	1	LBLR	1	Balaram Barmashakha	213052205	12000
SCAO	1	LBLR	1	Bali Bahadur Shrestha	213052205	12000
SCAO	1	LBLR	1	Bhakta Bahadur Jogi	213052/124	12000
SCAO	1	LBLR	1	Bhakta Bahadur Karki	213052/124	12000
Widow	1	LBLR	1	Bir Bahadur Darji	2155	7980
Widow	1	LBLR	1	Bir Bahadur Khatri	2155	7980
SCAO	1	LBLR	2	Budhha Kumari Karki	1848	12000
SCAO	1	LBLR	2	Budhhi Bahadur Bhandari	1848	12000
SCAO	2	LBLR	2	Fulmai Tamangni	1848	12000
SCAO	2	LBLR	2	Fulmai Tamangni	1848	12000
SCAO	2	LBLR	1	Santamaya Shrestha	213052/124	12000
SCAO	2	LBLR	1	Santamaya Shrestha	213052/124	12000
Widow	2	LBLR	1	Luku Maya Shrestha	2155	7980
Widow	2	LBLR	1	Luku Maya Shrestha	2155	7980
				Total		151920

२२

कर्मचारी प्रोत्साहन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम मिति २०७८।०३।३० गते बसेको गाँउ सभाको निर्णय नं. ५ बमोजिम कार्यालय खुलेको ८० प्रतिशत हाजिर भएको कर्मचारीलाई प्रोत्साहन स्वरुप चौमासिकमा एक महिनाको तलव दिने व्यवस्था गरेको छ ।भौ.न./ मिति १३६,१७०,१९९।०८।२८ नगरसभाको निर्णय गरी पालिकामा कार्यरत ४० जना कर्मचारीलाई प्रोत्साहन स्वरुप रु. १२०७७०७ भुक्तानी गरेको छ । आन्तरिक आय न्युन रहेको अवस्थामा प्रोत्साहन भत्ता दिंदा आन्तरीक आय समेत लाई मध्यनजर राखिनुपर्दछ

<table>
<tr><td>२३</td><td></td><td></td><td>प्रोत्साहन कार्यक्रम- जेष्ठ नागरिक एकल पुरुष र अपाङ्ग नागरिक प्रोत्साहन कार्यक्रम अन्तर्गत पालिकाको वडा नं. २ मा त्यस्ता व्यक्तिहरुलाई प्रोत्साहन गर्नका निमित्त कार्यक्रम संचालन गरेको छ । भौ.न.२४० र मिति ०७९।१०।२३ मा वडा कार्यालयले विदूर नागरिकलाई रु. ६००० का दरले ३१ जनालाई अपाङ्ग भत्ता रु. ६०००।— का दरले २० जनालाई र नावलक भत्ता रु. २०००।— का दरले २ जनालाई गरी जम्मा रु.३१६०००।— वितरण गरेको देखिन्छ । पालिकाले कुनै कानून तथा मापदण्ड निर्माण नगरिकन वडा मार्फत भत्ता वितरण गरिएको नियम संगत देखिएन ।</td><td>३१६,०००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>पदाधिकारी भ्रमण भत्ता- बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क)१ मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । वडा अध्यक्षले अनुसूची १(ख)९ अनुसारको भ्रमण खर्च पाउने व्यवस्था गरेको छ । सोही ऐनको ७.१ मा आफ्नो कामको सिलसिलामा आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची -१ क. मा उल्लेख भएबमोजिम भत्ता पाउने व्यवस्था छ। पालिकाले देहायका पदाधिकारीलाई आफ्नो क्षेत्र भित्र भ्रमण गर्दा भुक्तानी दिएको नियम संगत नदेखिएको रु. ।
<table>
<tr><th>गो.भौ.न./ मिति</th><th>व्यहोरा</th><th>भ्रमण गरेको मिति</th><th>भ्रमण गरेको स्थान</th><th>रकम</th></tr>
<tr><td>४४५।२।२७</td><td>गाँउपालिका अध्यक्ष प्रेम बहादुर</td><td>२०७८।१२।४-१२।०९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१००००</td></tr>
<tr><td></td><td>गाँउपालिका उपाध्यक्ष मखमलि श्रेष्ठ</td><td>२०७८।१२।४-१२।०९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१००००</td></tr>
<tr><td></td><td>वडाँ अध्यक्ष तुलसीदास श्रेष्ठ</td><td>२०७८।१२।४-१२।०९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>२७००</td></tr>
<tr><td></td><td>कार्यापालिका सदस्य घनश्याम सार्की</td><td>२०७८।१२।४-१२।०९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>२७००</td></tr>
<tr><td></td><td>कार्यापालिका सदस्य रमा घिसिङ्ग</td><td>२०७८।१२।४-१२।०९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>२७००</td></tr>
<tr><td></td><td>कार्यापालिका सदस्य रमा भक्त कुमारी खत्री</td><td>२०७८।१२।४-१२।०९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>२७००</td></tr>
<tr><td></td><td>वडा अध्यक्ष श्री जंगलाल तामाङ</td><td>२०७८।१२।४-१२।०९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>२७००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>३३५००</td></tr>
</table></td><td>३३,५००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>समय व्यवस्थापन- भिमेश्वर मा.वि. रजागाँउमा कार्यरत स्थायी प्रा.वि. का ९ जना शिक्षकहरुले विधालय समय (१० देखि ४ सम्म) उच्च</td><td></td></tr>
</table>

			शिक्षा प्लस टु मा अध्यायन गराएको भनि रु. २१९४८३।- प्रोत्साहन भत्ता वापत भुक्तानी दिएको छ तर एउटै शिक्षकले एकै समयमा प्रा.वि. र उच्च कक्षामा अध्यापन गराउन सम्भव नहुनाले यथा सम्भव विधालयले समय व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२६			**महशुल भुक्तानी-**	
२६.१			सार्वजनिक खरिद नियमावली २०७७ मा कुनै पनि कार्य सम्पन्न गरेर त्यसको हस्तान्तरण गरिसकेपछी सम्वन्धित लाभग्राहीले मर्मत सम्भार तथा खर्च व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । गो.भौ.न./ मिति १८९।१०।०२ मा नेपाल विधुत प्राधिकरण रामेछाप वितरण केन्द्र मन्थलीलाई पकरवास भिरपानी पम्पिङ्ग खानेपानी उपभोक्ता समिति स्किम १ र २ को वक्यौता रकम भुक्तानी गरिएको देखिन्छ । मिति २०७८।०९।२९ गतेको गाँउपालिकाको प्रस्ताव नं.२ को निर्णय नं.२ बमोजिम पालिकाले रु.३५०००००।— भुक्तानी गरेको छ । पालिकाले योजना वनाई सकेपछि योजना हस्तान्तरण गरी खानेपानी महसुल लगायतको भुक्तानी उपभोक्ता वाटै व्यहोर्ने व्यवस्था गरिनुपर्दछ ।	
२६.२			गो.भौ.न./ मिति ४९३।०३।१२ मा सुनकोसी चापडी लिफ्टिङ्ग सिंचाइ उ.स.लाई विधुत महसुल वापत रु. ८५०००।— भुक्तानी गरेको छ । वडा कार्यालयको निर्णय बमोजिम वडामा पठाएको रकमवाट भुक्तानी गरेको देखिन्छ । यस्तो खर्चलाई पालिकाले नियन्त्रण गर्नु पर्दछ ।	
२७			**तलब भत्ता-** कार्यापालिकाको ९६ औ वैठकको निर्णयवाट विधालयमा डिजिटल हाजिरी जडान लगायत निम्न शिर्षकवाट विधालयका वाल सहजकर्ता विधालयका कर्मचारीलाई तलवभत्ता वापत रु.७०९७७६७ निम्नानुसार निकासा गरेको छ । उल्लेखित विधालयका कर्मचारीलाई वजेट व्यवस्था मार्फत नै वजेट विनियोजन गरी सुनिश्चित गर्नुपर्दछ । गो.भौ.न./मिति — रकम — शिर्षक ३४।०७८।१२।२ — ३५५६००० — थप तलव भत्ता ६१२।०७९।३।२४ — ५००००० — विधालयमा डिजिटल हाजिरी जडान ६१३।०७९।३।२४ — ३०४१७६७ — करार सेवा शुल्क जम्मा — ७०९७७६७	
२८			**पोशाक-** श्रोत विधालय श्री विष्णु जनज्योती माध्यामिक विधालयमा पोशाक १४९० थान खरिद गरेको भनि माग बमोजिम पोशाक वापत रु. २९७५५१।६० भुक्तानी गरेकोमा उल्लेखित पोशाकहरु कुन कुन विधालयका कुन कुन विधार्थीलाई वितरण गरेको हो सो विवरण संलग्न नभै दाखिला मात्र देखिएकोले वितरणको भर्पाई पेश गर्नुपर्ने रु.	२९७,५५१
२९			**साझेदारी कार्यक्रम-** खाडादेवी गाँउपालिका वार्ड नं. ४ को माठीफाटमा पालिका संग ५० प्रतिशत साझेदारीमा धानको विउ खरिद ढुवानी गरी कृषकलाई विवरण गरेको भनि सकृय कृषक उधमशील लघुउधमी कृषि सहकारी संस्था लि.को खातामा भुक्तानी गरिदीनु भनी सहकारी संस्था लि. ले मिति ०७९।३।१७ मा निवेदन दिएकोमा कार्यालयले जनसेवा पशु औषधी पसल लाई रु.४९२४५१।—	४९२,४५१

			भुक्तानी दिएको छ । तर उक्त खरिद तथा वितरण कार्यमा कार्यालयको जिम्मेवार कार्मचारीले खरिद तथा वितरण कार्यमा भएको खर्चको सिफारिस नगरेको एंव सहकारी संस्थाले संचालन गरी भुत्तानी माग गरीसकेको अवस्थामा औषधी पसललाई भुक्तानी दिएको अनियमित रु.	
३०			**लागत अनुमान-** भौ.न./ मिति ६३६।०७३।३।२४ बाट सकृय महिला वचत तथा ऋण सहकारी संस्था लि. वार्ड नं. - ७ को व्यवस्थापन खर्च भनि रु.२०००००।— भाडाकुडा, फर्निचर लगायतको विलको आधारमा भुक्तानी दिएकोमा उक्त संस्था संग भएको सम्झौता तथा लागत अनुमान विना खर्च लेखेको अनियमित रु.	२००,०००
३१			**शिलालेख-** स्वास्थ्य कार्यालय व्यवस्थापन राकाथुम-१ अन्तर्गत वार्ड सचिव र स्वास्थ्य प्रमुख विच २०७८।१२।८ मा सम्झौता गरि विगत वर्षमा स्वास्थ्य कार्यालय बनाउदा सहयोग गर्ने व्याक्ति संस्थाको शिलालेख स्तम्भको लागी स्तम्भ निर्माण तथा शिलापत्र लेखनको लागी रु. ४ लाख स्वास्थ्य चौकी राकाथुम व्यवस्थापन समिति को नाउमा पेश्की फछ्र्यौट भएको छ । वार्ड सचिव र स्वास्थ्य प्रमुख विच सम्झौता भएको र वार्ड अध्यक्ष र स्वास्थ्य प्रमुखको दस्तखत वाट संचालन गरी सिलालेखमा सरकारी रकम खर्च गर्न उपयुक्त नदेखिएको रु.	४००,०००
३२			**आन्तरिक आय तर्फ-**	
३२.१			पालिकावाट प्राप्त वक्यौता सम्वन्धि विवरण अनुसार खिम्ति दाहाल कन्सट्रक्सनको नाउमा रु. १७ लाख बाँकी देखाएको छ । तर उक्त निर्माण सेवाले दाखिला गर्नुपर्ने रु.३० लाख मध्ये १३ लाख मात्र दाखिला गरेको भनि बक्यौता देखाएको तर सम्झौता भएको प्रमाण लेखापरीक्षणमा पेश भएको छैन । छलफलको क्रममा उक्त कम्पनी संग सम्झौता नभएको तर दहत्तर वहत्तर उठाई रहेको जानकारी प्राप्त भएको र अनौपचारिक रुपमा ३० लाख मध्ये रु. १३ लाख दाखिला गरेकोले बाँकी १७ लाख रहेको भनि जानकारी प्राप्त भएकोले सम्झौता नगरी गैह्र कानूनी रुपमा प्राकृतिक श्रोतको दोहन कार्यलाई निरुत्साहित गर्न पालिकावाट नियमन लाई प्रभावकारी बनाई नियमाअनुसार सम्झौता गरी बाँकी रकम असुल गर्नु पर्ने रु.	१,७००,०००
३२.२			पालिकावाट प्राप्त विवरण अनुसार विगत ०७७।०७८ आय वर्षमा ठेक्का सम्झौता भएका तर सम्झौता बमोजिम रकम नवुझाई निम्नानुसार वाँकी रहेको रकम नियमानुसार जरीवाना सहित रु. १७५६०६४७। असुल गर्नुपर्ने रु. **सि.न.** | **पार्टिको नाम** | **सम्झौता** | **प्राप्त रकम** | **असुल गर्नु पर्ने** १ | विश्वास कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १३६४९१५७ | ४९००००० | ८७४९१५७ २ | प्रवल कुशल निर्माण सेवा प्रालि रामेछाप | १०३६५४९० | १५५४००० | ८८११४९० | **जम्मा** | **२४०१४६४७** | **६४५४०००** | **१७५६०६४७**	१७,५६०,६४७
३३	42	२०७९-	**बिल भर्पाइ पेश नभएको-** प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम पूँजीगत तर्फ लब्सेखोला वेशीटोल सिंचाइ योजना पिंखुरी वार्ड नं.- ९	१,९७२,६०५

		६-८	मा गठीत लब्से खोला वेसीटोल सिँचाइ उपभोक्ता समिति लाई प्राविधिक प्रतिवेदन विल भर्पाई र सिफारीस बमोजिम योजनाको रकम सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी दीएको भनि रु.१९७२६०५।— उक्त समितिको नाउँमा खर्च लेखेकोमा प्राविधिक प्रतिवेदन, विल भर्पाई लगायतका कागजात लेखापरीक्षणको क्रममा पेश नभएको रु.	
३४			**भकारो सुधार-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ४१ वमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सरकारी सम्पतीको दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण प्रणालीको अनुसरण गरीएको सुनिश्चित गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक श्रोतवाट ५० प्रतिशत साझेदारी अनुदानमा भकारो सुधार कार्याक्रम अन्तर्गत निम्नानुसार रु. ४१९९१६८।— भुक्तानी भएकोमा जुन व्याक्तिले पेश्कि लिएको छ । सोही पदाधिकरीको अनुगमन सिफारिसमा कार्यसम्पन्न प्रतिवेदन वेगर पेश्की फछ्यौंट गरेकोले सम्पादित कार्यको सुनिश्चितता नभएको रु.	४,१९९,१६७

गो.भौ.न./ मिति	पेश्की फछ्यौंट गर्ने पदाधिकारी	रकम	वार्ड नं.	अनुगमन गर्ने पदाधिकारी
६७६।०७९।३।३१	आभास लामा	५५००००	२,३	आकास लामा
६७७।०७९।३।३१	हरी घिसिङ्ग	१६००००	४	हरी घिसिङ्ग
६८९।०७९।३।३२	गणेश रोका	४४००००	८,९	गणेश रोका
६७९।०७९।३।९	विधालय मोक्तान	२५००००	१	विधालय मोक्तान
४९१।०७९।३।३१	विधालय मोक्तान	१३४००००	७	विधालय मोक्तान
५३३।०७९।३।१६	गणेश रोका	२४००००	८	गणेश रोका
५६२।०७९।३।२४	वैङ्क मार्फत(हरि घीसिङ्ग)	१२१९१६७	५,६	हरी घिसिङ्ग
	जम्मा	४१९९१६७		

३५			**दुग्ध मिसन-** २६५।०७९।३।३२ खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धि तालिम, अभिमुखिकरण, सवलीकरण, मुलप्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थावाट गराउदा छिटो छरितो प्रभावकारी र मितव्यायी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थावाट तोकीए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गर्न वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । तर उल्लेखित तालीम, अभिमूखिकरण बाहेकका कृषि तथा पशुपालन उधमशिलता विकास कार्यक्रम संचालनको लागी पालिका र हेफर प्रोजेक्ट नेपाल विच २०७८।११।३० मा भएको सम्झौता बमोजिम परीयोजना क्षेत्रमा तय गरीएका क्रियाकलाप संचालन र गुणस्तरको सुनिश्चतता गर्ने जिम्मा सहित देहायका कार्यक्रम संचालन गर्न हेफर नेपाललाई दिएको पेश्की रु. ४१९४०००।— संघीय सशर्त अनुदानबाट फछ्यौंट भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् ।	४,१९४,०००

सि.न.	कार्यक्रम	पेश्की फछ्यौंट
१	२०७७।०७८ मा स्थापना भएको वाख्राको पकेट विकास कार्यक्रमको निरन्तरता	७०००००
२	कृतिम गर्भाधान मिशन कार्यक्रम	२५००००

			३ | दुग्ध मिसन अन्तर्गत चौरी प्रवर्धन | २०४४००० ४ | मकैवालीको पकेट विकास कार्यक्रम संचालन | १२००००० | **जम्मा** | **४१९४०००** बाखाको पकेटक्षेत्र विकास कार्यक्रमको निरन्तरता अन्तर्गत वार्ड नं. ७ मा वोयर बाखा खरिद, घाँस खरिद, खोर निर्माण लगायतमा खर्च भएको भनिएकोमा विगत वर्षको मूल्याङ्कन नगरी खर्च गरेको छ । २. कृतिम गर्भाधान मिशन अन्तर्गत ५ थान मोदर कन्टेनर खरिद गरेकोमा दाखिला प्रमाण संकलन भएको छैन । ३. दुग्ध मिशन अन्तर्गत चौरी प्रवर्द्धन भनि संघीय सशर्त अनुदानबाट प्राप्त कार्यक्रमलाई गाईभौसी मिसन अन्तर्गत पालिकाले संशोधन गरेकोले संघीय सरकारको नीति बमोजिम कार्यान्वयनमा आएको छैन । ४. मकै वालिको पकेट विकास अन्तर्गत वार्ड नं. — १ मा मिनि ट्याक्टर, थ्रेसर, स्प्रे लागायत सहकारी मार्फत खरिद गरी वितरण गरेकोमा पालिकाबाट अनुगमन मूल्याङ्कन भएको छैन । ५. खरिद ऐन, २०६३ को दफा ४६ मा उल्लेखित कार्यभन्दा फरक क्षेत्रमा गैह्रसरकारी संस्थावाट कार्यसम्पादन भएको स्थितिमा, सम्पादीत कार्यको पालिकावाट समेत कुनै निगरानी नभएकोले उक्त संस्थावाट सम्पादित कार्यको अनुगमन पालिका वाटै गरी यसको प्रभावकारीताको आधारमा नियमनुसार कार्यान्वयन गर्नुपर्ने रु.	
